# स्थानीय राजपत्र

इन्द्रसरोवर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या ११ मिति २०७८-०६-२७ गते


## भाग २

## बाल संरक्षण नीति, २०७८

**गाउँ कार्यपालिका स्वीकृत मिति : २०७८/०६/२२ गते**

### १. पृष्ठभूमि :

नेपालले संयुक्त राष्ट्रसंघको बालअधिकार सम्वन्धी महासन्धिलाई अनुमोदन गरेपछि महासन्धिका प्रावधानको कार्यान्वयनका विभिन्न ऐन, नियम, नीति, नियमावली, मापदण्ड बनाई अगाडि बढेको छ । बालबालिकाको अधिकार सुनिश्चित गर्नका नेपालको संविधानमानै बालअधिकारलाई मौलिक हकको रुपमा स्वीकार गरी धारा ३९ मा बालबालिकाको हक व्यवस्था गरेको छ। नेपाल सरकारको स्थानीय सरकार संचालन ऐन २०७४, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी देवानी (संहिता) ऐन २०७४, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ जस्ता नीति, नियम र कानुनी व्यवस्था छ । यी व्यवस्थाले बालबालिकाले

संरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्ने सम्बन्धमा विविध व्यवस्था गरेका छन् ।

बालबालिका भन्नाले १८ वर्ष पुरा नगरेका व्यक्ति सम्झनु पर्दछ । कुनै पनि बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भिर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट जोगाउनु नै बालसंरक्षण हो । अहिलेको सन्दर्भमा कुनै पनि राज्य, समाज वा समुदाय कति सभ्य छ ? भन्ने केलाउने विभिन्न आधारमध्ये बालबालिकाको संरक्षण प्रति राज्य, प्रदेश, स्थानीय सरकार, समाज र समुदाय कतिको संवेदनशील छ भन्ने पनि रहने गरेको पाइन्छ । जहाँ अभिभावक, चेतनशील समाज र देश संवेदनशील हुन्छ, त्यहाँ बालबालिका प्रायः सबै जोखिमबाट सुरक्षित हुन्छन् । बालबालिकामाथि हुन सक्ने हानी अन्तर्गत भेदभाव, दुर्व्यवहार, हिंसा, यौनशोषण, बेचविखन र ओसारपसार, परम्परागत हानिकारक अभ्यासहरु, बेवास्ता/उपेक्षा/हेलचेक्रेयाइँ, अपहरण र आर्थिक शोषण/बालश्रम शोषण आदिमा बालबालिका पर्न सक्छन् र त्यसबाट जोगाउन बालसंरक्षण कार्य भित्र पर्दछन् । बालसंरक्षण कार्यअन्तर्गत बालबालिका माथि हुने वा हुन सक्ने हानीहरू एवं उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक लगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने जोखिमको पहिचान तथा रोकथाम, पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुनर्स्थापना र पीडकलाई कानूनको दायरामा ल्याउने लगायतका कार्यहरू पर्दछन् ।

बालबालिकालाई नकारात्मक अनुभव दिने सबै कारक तत्वहरूबाट जोगाईनुपर्ने हुन्छ । त्यसको लागि उनीहरूलाई मुख्यतः भेदभाव, दुर्व्यवहार, उत्पिडन, हेला, अपमान, गाली, कुटपिट, यातना, यौन तथा श्रम शोषण, जोखिमपूर्ण काम, युद्ध, बेचविखन, ओसारपसार, वेवास्ता, कुलत, लागू पदार्थको दुर्व्यसन आदिबाट जोगाई कानुनी संरक्षण दिलाउनुपर्ने हुन्छ । बालबालिकाको अधिकार प्राप्तीको सन्दर्भमा व्याख्या गर्दा यिनै नकारात्मक कार्यहरू देखि बालबालिकालाई गरिएको संरक्षणलाई मुख्य रुपमा हेरिनु पर्दछ ।

“स्वच्छ, स्वस्थ र आर्थिक सम्वृद्धिका लागि बालमैत्री गाँउपालिका निर्माण हाम्रो अभियान, सबै क्षेत्रमा बालमैत्री संरचना इन्द्रसरोवर गाँउपालिकाको पहिलो पहिचान” भन्ने मूल नाराका साथ इन्द्रसरोवर गाउँपालिकालाई बालमैत्री गाउँपालिका निर्माणमा बालबालिकाहरूलाई सबै प्रकारका शोषण तथा दुर्व्यवहारबाट बचाउन तथा संरक्षण दिनका लागि एउटा साधारण मार्गदर्शनको रुपमा यो बालसंरक्षण नीतिलाई

इन्द्रसरोवर गाउँपालिकाले अनुमोदन गरी स्वीकार गर्दछ । यसले बालबालिका माथि कस्तो व्यवहार गर्ने र बालबालिका माथि आउन सक्ने अनुचित व्यवहार भएको सूचना तथा जानकारी पाएमा के कदम चाल्नुपर्दछ भन्ने प्रष्ट मार्गनिर्देशन दिनेछ । आफ्ना आधारभूत अधिकारहरू गुमाउने जोखिममा रहेका बालबालिकाका लागि सुरक्षित र उपयुक्त वातावरणको महत्व र आवश्यकतालाई महसुस गर्दै ऊनीहरूको अधिकारलाई वर्तमान र भविष्यमा संरक्षण र बचाउ गर्नको लागि योगदान पूर्‍याउनका लागि इन्द्रसरोवर गाउँपालिका यो बालसंरक्षण नीतिको दायराभित्र जुनै पनि समयमा जुनसुकै व्यक्तिलाई ल्याउन सक्दछ ।

## २. बालसंरक्षणको वर्तमान स्थिति :

कुनै पनि बालबालिकाको अधिकार सुनिश्चित गर्ने पहिलो कानुनी आधार नै जन्म दर्ता हो । इन्द्रसरोवर गाउँपालिका बालबालिकाले जन्म दर्ता गर्ने कार्यलाई प्रार्थमिकतका साथ राखेर अगाडि बढेको छ ।

## ३. विगतका प्रयासहरु :

तत्कालिन फाखेल गाउँ विकास समितिले मिति २०६३ मा वालमैत्री स्थानीय शासन अवलम्वन गर्ने  निर्णय गरेको थियो । यस निर्णयलाई इन्द्रसरोवर गाउँपालिकाको २०७५ मा बसेको पहिलो बैठकले २०७८ सम्म यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउनका लागि बालमैत्री रणनीति अवलम्वन गरेको थियो । यसलाई बालबालिकाको सर्वाङ्गिण विकासको लागि महत्वपूर्ण उपलव्धीका रुपमा लिन सकिन्छ ।( कोभिड-१९ महामारीको कारणले लक्ष्य लिए अनुरुप बालमैत्री घोषणा कार्य गर्नमा केही ढिलाई भएको छ ।)

अर्को तर्फ इन्द्रसरोवर गाउँपालिका विगत लामो समय देखि बालअधिकार र बालसंरक्षणको क्षेत्रका गतिविधिहरुलाई प्रभावकारी रुपमा सम्पन्न गर्दै आएको छ । खास गरी बालसंरक्षण अन्तर्गत पनि बालश्रमको क्षेत्रमा बढी मात्रामा कार्यक्रम केन्द्रित गरेको छ । बाल संरक्षणका सवालमा आचारसंहिता जारी गरेको छ, विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी लागू गरेको छ, विद्यालयका शिक्षकहरुलाई बालअधिकार र भय रहित शिक्षण सिकाइका सम्बन्धमा तालिम, अभिमुखीकरण सञ्चालन गरेको छ, बालश्रम न्यूनीकरणका लागि बालश्रमिकको पहिचान गर्ने र आवश्यकता अनुसार उद्दार गरी पारिवारिक पुनर्मिलन र सहयोग उपलब्ध गराउने काम भएको छ । सबै बालबालिकाको जन्मदर्ता गराउने, बालक्लबहरुसँगको सहकार्यमा समुदाय स्तरमा सडक नाटक, र्‍याली, घरभेट, अतिरिक्त

क्रियाकलाप मार्फत् जनचेतना अभिवृद्धि गर्ने, बालबालिका, घरपरिवार तथा संस्थागत रुपमा पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरी कार्यान्वियनका लागि व्यापक प्रचारप्रासार गर्ने काम सम्पन्न भएको छ ।

विकासका साझेदार संघसंस्थाहरुसँगको सहकार्यमा बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिदै आएको छ । समय समयमा राजनीतिक दलका प्रतिनिधिहरुसँग बालसंरक्षणका विषयमा छलफल, अन्तरक्रिया गरी बालसंरक्षणलाई उच्च प्राथमिकता दिई सोको सुनिश्चिततताका लागि जिम्मेबारी र भूमिकाको किटान गर्ने र व्यवहारमा उतार्ने प्रयासहरु भएका छन् । बालसंरक्षण र खास गरी समग्र बालअधिकारको संरक्षणका लागि गाउँपालिकाका सबै सरोकारवालाहरुको प्रतिवद्धता लिने काम भएको छ ।

**इन्द्रसरोवर गाउँपालिकाले विगतमा गरेका नीतिगत प्रसास :**

- बालमैत्री स्थानिय शासन कार्यान्वयन तथा घोषणा कार्यविधि २०७४
- बालकोष स्थापना तथा सञ्चालन  कार्यविधी, २०७८
- बालबालिका सम्वन्धी पञ्चवर्षिय योजना निर्माण
- बालबालिका, शिक्षक र अभिभावकहरुले पालना गर्नुपर्ने आचारसंहिता निर्माण,
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि अनुसार सुचकलाई स्थानीयकरण गरी अवलम्वन गरिएको ।
- बाल सहभागीता नीति
- विद्यालयमा बाल संरक्षण नीति

## ४. नीतिको आवश्यकता :

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा वौद्धिक विकासमा गम्भीर एवं नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडाजन्य कार्य वा व्यवहारबाट जोगाउनु पर्दछ । बालबालिकामाथि हुने सबै खालका दुर्व्यवहार, शोषण, हेँला बेवास्ता वा उपेक्षा वा हेलचेक्र्याइँ, हिँसा अनि भेदभावबाट उनीहरुको संरक्षण गर्नुपर्दछ । तर अहिले पनि विभिन्न बाहानामा बालबालिकाहरु एक ठाउँवाट अर्को ठाउँमा स्थानान्तरण हुन सक्छन् र जोखिममा पर्न सक्छन् । बालबालिकाहरु परिवार तथा समाजवाट अलग हुने, हिंसामा परी सामाजिक सेवाको पहुँचवाट टाढिएका, अभिभावक विहिन तथा संरक्षण विहिन

भएका, लागुपदार्थ सेवन तथा कुलतमा फसेका, यौंन दुर्व्यवहारका शिकार भएका, शोषण तथा बेचविखनमा पर्न सक्छन ।

विद्यमान अवस्थामा बाल संरक्षणका सवाल कमजोर रहेको छ भने अर्को तर्फ कानूनको कमजोर कार्यान्वयन र बालन्याय प्रशासन प्रभावहीन रहेको अवस्थामा स्थानीय स्तरमा रहेका सामाजिक संघसंस्था र सामाजिक अगुवाहरू एवम् समग्र रुपमा स्थानीय तहमा विद्यमान बालसंरक्षण संयन्त्रहरुको अहम भूमिका रहेको छ र यसका लागि समुदाय स्तरका संयन्त्रहरुलाई व्यापक परिचालन हुनु जरुरी छ । गाउँपालिकामा क्रियाशील संघसंस्थाहरुलाई गाउँपालिकाले बालसंरक्षणको क्षेत्रमा तय गरेको कार्ययोजना कार्यान्वयनका लागि थप सशक्त र प्रभावकारी बनाउनु आवश्यक छ । सामाजिक रुपमा व्यापक जनचेतनाको विकास र बालबालिकामाथि अपराध गर्नेहरूलाई सामाजिक बहिष्कार र कडा कानूनी कारवाहीको प्रत्याभूति नभएसम्म बालबालिकाले सुरक्षित भएको महसुस गर्न सक्ने अवस्था रहदैन । त्यसैले बालसंरक्षणका क्षेत्रमा गरिएका र गर्नुपर्ने कार्यक्रमहरुलाई निश्चित आकार र दिशा दिन, गाउँपालिकाका सरोकारवालाहरुलाई बालसंरक्षण अभियानमा प्रभावकारी र दीगो रुपमा सहभागिता जुटाउन, बालबालिकामाथि हुने सबै किसिमका बालसंरक्षण सम्बन्धी सवालहरुलाई रोकथाम र भइसकेको अवस्थामा छिटो र प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि बालसंरक्षण नीति तयार गरी लागू गर्नुपर्ने आवश्यकता टट्कारो रुपमा देखिएकोछ ।

## ५. इन्द्रसरोवर गाउँपालिकाले बालबालिका सम्वन्धी व्यवस्था गरेका संस्थागत संरचनाहरु :

- गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन समिति
- गाउँपालिका स्तरीय स्थानीय बाल अधिकार समिति
- बालमैत्री स्थानीय शासन वडा समिति
- वडा बाल संरक्षण तथा सम्वर्द्धन उपसमिति
- वडा स्तरीय, गाउँपालिका स्तरीय बालक्लव सञ्जाल गठन तथा परिचालन
- प्रत्येक वडा, समुदाय, बिद्यालयमा बालक्लव गठन
- अन्य संगठनहरु सँग समन्वय र परिचालन

## ६. स्थिति विश्लेषण:

## ६.१. सवल पक्षहरु :

- गाउँपालिका तथा वडा स्तरीय बालमैत्री स्थानीय शासन समिति गठन तथा परिचालन
- गाउँपालिका तथा वडा स्तरीय बाल संरक्षण तथा सम्वर्द्धन उपसमिति गठन तथा परिचालन
- बाल क्लव/सञ्जाल गठन तथा परिचालन
- गाउँपालिका स्तरीय बालमैत्री स्थानीय शासन तथा घोषणा कार्य निर्माण
- गाउँपालिकाको वडा नं ४ र ५ लाई ३९ वटा सुचक पुरा गरी बालमैत्री वडा घोषणा गरिएको
- गाउँपालिकालाई पूर्ण खोप गाउगाउँपालिका घोषणा गरिएको
- बालमैत्री स्वास्थ्य संस्थाहरु ( स्वास्थ्य चौकी ) रहेको र प्रत्येक स्वास्थ्य संस्थामा न्यूटिसन कर्नर निर्माण गरिएको
- छोरा र छोरी विच कुनै विभेद नगरि ५ देखि १२ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरु विद्यालय बाहिर छैन भनि घोषणा गरिएको
- गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाको प्रतिवद्धता गरिएको
- गाउँपालिकाको पहिलो बैठकमा नै इन्द्रसरोवर गाउँपालिकालाई बालमैत्री घोषणा गर्न आवश्यक सबै गतिविधी तथा क्रियाकलापहरु गर्ने निर्णय गरिएको
- आर्थिक विपन्नताका कारण विद्यालय शिक्षाबाट वञ्चित रहेका बालबालिकाहरुको अभिभावकत्व ग्रहण गरिएको
- बालविकासमा अध्ययनरत बालबालिकाहरुकाका लागि दिवा खाजाको व्यवस्था गरिएको
- गर्भवती महिलाहरुलाई स्वास्थ्य चौकीमा व्यवस्थापन गरेको द्यष्चतजष्लन ऋभलतभच सम्म ल्याउन यातायता खर्च निःशुल्क स्वास्थ्य परीक्षण औषधी एवं स्वयम् सेविकाहरुलाई प्रोत्साहन सहितको व्यवस्थापन गरिएको
- विद्यालय अतिरिक्त क्रियाकलापमा बालबालिकाहरुको सहभागीतामूलक कार्यक्रमहरु सञ्चालन गरिएको
- बालबालिकाको क्षेत्रमा क्रियाशिल विभिन्न संघसंस्थाहरु संग समन्वय मार्फत कार्यक्रम संचालन

- बालमैत्री भौतिक संरचनाहरु निर्माणका लागि अग्रसर रहेको
- सबै वडाहरुमा बालक्लव गठन कार्य सम्पन्न भैसकेको
- घरधुरी सर्वेक्षण भएको
- बालकोष खडा गरिएको
- वडा नं ४ र ५ को पञ्चवर्षिय  कार्ययोजना र बालबालिका स्थिति प्रतिवेदन तयार तथा प्रकाशन
- बालबालिका सम्वन्धी पञ्च वर्षिय कार्ययोजना तयार गरिएको
- बाल विवाह, बालश्रम सामाजिक अपराध हो भन्ने सन्दर्भमा जनचेतनाको विकासमा अग्रसर रहेको
- बालबालिकाको समग्र विकासका लागि रकम विनियोजित गरिएको ।
- गाउँपालिकाको नेतृत्वमा गर्भवती महिलाको निशुल्क भिडियो एक्सरेको व्यवस्था गरिएको
- विद्यालयहरुको लागी बालसंरक्षण नीति निर्माण गरीएको
- बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको ।

### ६.२. दुर्वल/कमजोरी पक्षहरु :

- वालविवाह, बाल प्रेमविवाह, निकृष्ट बालश्रमको बढ्दो प्रयोग
- आर्थिक दुरावस्थाका कारण शैक्षिक अवसरबाट बञ्चित
- बढ्दो पारिवारिक विखण्डन
- अज्ञानतका कारण बालबालिका पहिचानबाट बञ्चित
- बैदेशिक रोजगार तथा श्रमको खोजिमा बढ्दो पलायन
- बालबालिकाको सवाललाई कम प्रार्थमिकता दिईनु
- शिक्षा भन्दा घरेलु कामलाई बढी प्रार्थमिकता दिईनु
- जोखिममा परि अन्यन्त्रबाट आएका बालबालिकाकाहरुलाई होटल लगायत निकृष्ट बाल श्रममा प्रयोग
- बालबालिका माथि हुने यौनजन्य हिंसात्मक गतिविधीमा बढोत्तरी
- बालबालिकालाई च्भकअगभ प्रणाली नभएको

### ६.३. अवसरहरु :

- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानुन र प्रतिवद्धता
- स्थानीय तहलाई स्वायत्तताको अवसर
- आवश्यक जनशक्तिको उपलव्धता (स्वयम् बालबालिका)
- संरचनागत व्यवस्था
- बालअधिकारको प्रवर्द्धन र बालमैत्री शहरका लागि सरकारी गैरसरकारी तथा अन्य निकायको सकृयता तथा चासो
- गाउँपालिका एवं वडास्तरीय स्वास्थ्य समितिमा बालअधिकार एवं बालसहभागिता प्रवर्द्धन गर्न सकिने अवसर रहेको ।
- विकासका साझेदारसंगको समन्वय र सहकार्यमा बालअधिकारको क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन  गर्न सकिने

**६.४. जोखिम पक्षहरु :**

- चेतनाको कमी तथा जानीजानी दक्ष जनशक्ति, भौगोलिक विकटता, श्रोत साधनको अभावमा सुरक्षित प्रसुति सेवा दिन नसक्ने
- चेतनाको कमीले स्तनपान पूर्ण र पोषणमा ध्यान नदिने
- भुकम्प वन विनास, अव्यवस्थित विकास निर्माण, भूक्षयका कारण पानीको मुहान सुक्नु, सुद्धिकरणको ज्ञानको कमीका कारण सुद्ध पिउने पानी नहुनु
- चेतनाको कमीका कारण जन्मदर्ता १०० प्रतिशत हुन नसक्नु
- गरिवी, देखासिकी, पारिवारिक कारण, बालबालिका श्रम उन्मुख तथा संलग्नु हुनु
- सामाजिक संजानलको गलत प्रयोग, पारिवारिक विखन्डन, देखासिकिको चेतनाको कमीको कारण बालविवाह अथवा बाल प्रेम विवाह हुनु, बाल बहु विवाह
- बालमैत्री संरचना, बालमैत्री शिक्षण पद्धती, दुर्व्यवहार, छात्रामैत्री शौचालय, गरिवी, पारिवारिक विखण्डन, बसाइ सराईको कारण विचमानै विद्यालय छाड्ने गरेको
- भौगोलिक विकटता, चेतनाको अभाव, गरिवी, घरेलु काम, भाई बैनीको घरालेको कारण विद्यालय भर्ना हुन नसक्नु
- पिडित मैत्री कानुन, पिडितको सुरक्षा र पुर्नस्थापनाको अभावको कारण बाल अधिकार हनन्का घटनाहरु सार्वजनिक हुन नसक्नु
- नीति नियमको अभाव, बालबालिकालाई महत्व नदिनुका कारणले अर्थ पूर्ण बाल सहभागिता हुन नसक्नु

- सामाजिक, सांस्कृतिक परम्परा, देखा सिकी, पारिवारिक विखण्डन आदिका कारण बालबालिकाहरु कुलतमा फस्नु
- भौगोलिक विकटता तथा यातायातको असुविधा
- जानेबुझेका (शिक्षित व्यक्ति) को हेलचेक्राइ तथा अटेरीपना

## ७. बालसंरक्षणका सवाल :

इन्द्रसरोवर गाउँपालिकाका बालसंरक्षणका मुख्य सवालहरु निम्न रहेका छन् :

- बालविवाह, बाल प्रेम विवाह, बाल बहु विवाह
- बालश्रम, निकृष्ट बाल श्रम
- यौनशोषण तथा यौन दुर्व्यवहार
- शारिरिक र मानसिक दुर्व्यवहार
- बालबालिकावीच विभेद र अपहेलना
- लागूपदार्थ दूर्व्यसन र कुलतमा फसेका बालबालिका
- पहिचानबाट बञ्चित बालबालिका ( जन्मदर्ता)
- विद्युतिय संचार माध्यम दुरुपयोगबाट पिडित बालबालिका
- अपाङ्गता भएका बालबालिका
- बाल विज्याईमा परेका बालबालिका
- परिवार विहिन, परित्यक्त र वेवारिसे बालबालिका
- अपराधबाट पीडित र साक्षी बालबालिका
- पारिवारिक बिखण्डनबाट पिडित बालबालिका
- पारिवारिक वेमेलबाट पिडित बालबालिका
- कुपोषित बालबालिका
- पहिचान नभएको बालबालिका
- संरक्षकले संरक्षण गर्न नसकि उच्च जोखिममा रहेका बालबालिका
- अर्थोपार्जनको लालचमा परेका बालबालिका

## ८. लक्ष्य :

बालबालिकाहरु माथि हुने सबै प्रकारको हिंसा, शोषण, दुर्व्यवहारको अन्त्य गर्दै विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको पहिचान गरी आवश्यक संरक्षण सहित सबै क्षेत्रमा बालमैत्री संरचना निर्माण गर्ने ।

## ९. प्रमुख उद्देश्य :

९.१ जुनसुकै क्षेत्रमा बालबालिका माथि हुने शारीरिक तथा मानसिक हिंसाको अन्त्य गर्दै होटल, सवारी साधन लगायतका क्षेत्रमा पनि निकृष्ट बालश्रम तथा वालविवाह अन्त्य गरी भयरहित वातावरणमा हुर्काइ बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

९.२. प्राथमिक तथा द्धितिय तथ्यांकको श्रोत प्रयोग गरि पहिचान नखुलेका तथा जोखिममा परेका र पर्न सक्ने बालबालिकाको तथ्यांक संकलन गरी संरक्षणको उचित व्यवस्था गर्ने ।

९.३ बालसंरक्षणका लागि उजुरी संयन्त्रको विकास गरी सरोकारवाला निकायहरुको समन्वय र सहकार्यका संस्थागत संरचनाको सुदृढीकरण गर्ने ।

## १०. नीतिको समयावधिः

यस नीतिको कार्यान्वयन अवधी पाँच वर्षको हुनेछ । यसको कार्यान्वयन स्थिती र उपलव्धीको समीक्षा गरिनेछ ।

## ११. नीतिहरुः

उद्देश्य ९.१ संग सम्वन्धीत  जुनसुकै क्षेत्रमा बालबालिका माथि हुने शारीरिक तथा मानसिक हिंसाको अन्त्य गर्दै होटल, सवारी साधन लगायतका क्षेत्रमा पनि निकृष्ट बालश्रम तथा वालविवाह अन्त्य गरी भयरहित वातावरणमा हुर्काइ बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने )

### ११.१ स्थानीय तहको प्रवर्द्धनात्मक नीति :

**११.१.१. बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षण कार्यलाई सरल पारदर्शी बनाउने बनाउनका लागि बालमैत्री नीतिः**

- बालबालिकाको जन्मदर्तालाई सरल र सहज बनाउने र नियमित अद्यावधिक गर्ने ।
- विद्यालय भर्ना लगायतका अन्य कार्यक्रममा अनिवार्य जन्मदर्ता प्रमाणपत्रको आवश्यकता पर्ने व्यवस्था गरिनेछ,
- बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुर्व्यवहारलाई

अपराध मानिनेछ । परिवार, शिक्षण संस्थामा बालबालिकालाई शारीरिक र मानसिक दुर्व्यवहार गर्न नपाईने व्यवस्था गरिनेछ ।

- बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न सुन्य सहनसिलता ( **Zero Tolerance**) नीति लिईनेछ ।
- बाल श्रमिक राख्नेलाई घर परिवार तथा उद्योगी व्यवसायीहरुको अभिलेख राखि गाउँपालिका बाट उपलव्ध हुने सेवा र सुविधा न्यून गर्ने नीति लिईनेछ ।
- बालबालिकालाई घरमा, विद्यालयमा, कुनै संस्थामा काम गर्ने ठाउमा वा समुदायमा सबै प्रकारका विभेद, हिंसा, वञ्चितिकरण, अपहेलना, बाल श्रम लगायत हानी पुऱ्याउने सबै अवस्थाको पहिचान, रोकथामका लागि विषेश नीति लिई कार्यक्रम सञ्चालन गर्ने ।
- बालबालिका माथि हुने यौन शोषण तथा यौन दुर्व्यवहारलाई गम्भिर अपराधको रुपमा लिइनेछ भने व्यवसायिक यौन पेशामा लाग्नबाट बालबालिकालाई जोगाइनेछ ।
- बालबालिकाको आफ्नै आमा, बाबु वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रवर्द्धन गर्न पारिवारिक पारिवारिक सहयोग (स्पोन्सरसिप),बैकल्पिक हेरचाह,व्यवसायिक तालिम, जिविकोपार्जन, पालनपोषण भत्ताको व्यवस्था गर्ने ।

### ११.१.२. बालसंरक्षण सम्वन्धी सचेतना अभिबृद्धि गर्ने :

- गर्भमा नै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने कार्यलाई अन्त गरिनेछ,
- जन्मदर्ता गर्ने कानूनी प्रावधान, प्रक्रिया तथा जन्म दर्ताको महत्वको वारे सबै वडाहरु, अन्य सरोकारवाला व्यक्ति, समूह, संस्था तथा सर्वसाधारणलाई चेतना अभिबृद्धि गर्ने
- बालश्रम, बालविवाह, बालबालिकामा माथि हुने शारीरिक तथा मानसिक हिंसा, बेचविखन तथा ओसारपसार, लागुपदार्थका कुलत लगायतका विषयमा सचेतना अभिबृद्धि गर्ने ।
- परम्परागत हानीकारक अभ्यासका बारेमा सचेतना अभिबृद्धि गर्ने ।
- सार्वजनिक स्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट

जोगाउने सुरक्षित मापदण्डहरु निर्धारण गरी कायार्न्वयन गरिनेछ ।

**११.१.३. बालअधिकार हनन्का घटनाको प्रचार प्रसार गर्ने :**

- बालअधिकार हनन्का घटनालाई निरुत्साहित गर्न विभिन्न क्षेत्रमा बालअधिकार हनन् भएका घटना र यसले बालबालिकालाई पार्ने अवसर सम्वन्धी प्रचार प्रसार गर्ने
- बालविवाह र बालप्रेम विवाहलाई निरुत्साहित गर्न बालबालिका र अभिभावक दुबै पक्षलाई सचेतीकरण गरिनेछ । समुदायमा रहेका धार्मिक गुरुहरुको समेत सहभागीतामा बालविवाह न्यूनीकरण कार्यमा परिचालन गरिनेछ ।

उद्देश्य ९.२ संग संवन्धित *(प्राथमिक तथा द्धितिय तथ्यांकको श्रोत प्रयोग गरि पहिचान नखुलेका तथा जोखिममा परेका र पर्न सक्ने बालबालिकाको तथ्यांक संकलन गरी संरक्षणको उचित व्यवस्था गर्ने ।)*

११.२. स्थानीय तहको बालबालिका संरक्षण नीतिः

**११.२.१. तथ्यांक संकलन तथा पहिचान नीति**

- पहिचान नखुलेका, एच.आइ.भी/एड्स संक्रमित तथा प्रभावित, अपाङ्गता भएका, बुबा आमा विहिन, परितक्त, त्यागिएका, तिरस्कृत, कुपोषित, विद्यालय जानबाट वञ्चित, बालविवाहमा परेका, द्वन्द्व प्रभावित/ आन्तरिक रुपमा विस्थापित, बेचविखन-ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, अल्पसंख्यक, सिमान्तकृत, दलित, अति विपन्न परिवारका तथा जोखिममा रहेका बालबालिकाको खण्डीकृत तथ्यांक संकलन गरिने नियमित अद्यावधिक गरिदै लैजानेछ ।
- अति जोखिममा रहेका बालबालिकाको पहिचान गरी उद्धारको व्यवस्था मिलाईनेछ ।

**११.२.२. निरोधात्मक नीति**

- बालसंरक्षणका लागि नैतिक शिक्षा र सदाचार प्रवर्द्धन सम्वन्धी व्यवस्था गर्ने ।
- तथ्यांक संकलन गरी बालबालिकाको जोखिमयुक्त क्षेत्रहरुको पहिचान गर्ने ।
- सार्वजनिक क्षेत्रमा बालश्रमलाई बन्देज लगाउने ।
- निजी, व्यवसायिक, संगठिन क्षेत्र, गैरसरकारी क्षेत्र लगायतले बालसंरक्षणका लागि

पालना गर्नुपर्ने न्यूनतम मापदण्ड बनाउने ।

- स्थानीय तहले निर्माण गर्ने कानून तथा नीतिहरुमा सरल, स्पष्ट र बालमैत्री बनाउने ।
- बालविवाह अन्त्यका लागि उजुरी संयन्त्रको विकास गरी कानूनी दायरामा ल्याईनेछ ।
- कुनै पनि प्रयोजनका लागि बालबालिकाको वेचविखन ओसार पसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ ।

**११.२.३. बालबालिकाको उद्धार तथा संरक्षण नीति**

- जोखिममा रहेका तथा सिमान्तकृत बालबालिकाका लागि लक्षित कार्यक्रम व्यवस्था गरिनेछ कार्यान्वयमा ल्याईनेछ ।
- अति जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार संयन्त्रको विकास गरि उद्धार गरिने छ र संरक्षणको उचित व्यवस्था गरिनेछ ।
- उद्धार गरिएका बालबालिकाको उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ र तिनीहरुलाई लक्षित गरी राहतका कार्यक्रम सञ्चालन गरिनेछ ।

**११.२.४. जोखिमबाट बालबालिकालाई संरक्षण नीतिः**

- इन्टरनेट, इमेल, फेसबुक लगायतमा सामाजिक सञ्जाल, मोबाईल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ भने **Cyber Crime** लाई निरुत्साहित गर्न विभिन्न कार्यक्रम समेत सञ्चालन गरिनेछ ।
- आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहे बसेका बालबालिकालाई हुनै किसिमको अपहेलना जन्य कार्य गर्न नपाउने व्यवस्था गरिनेछ ।
- यौनजन्य हिंसा तथा दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्नका लागि आत्म रक्षा तालिमको व्यवस्था मिलाईनेछ भने व्यवसायिक यौन पेशामा लागेको बालिकाको संरक्षणका लागि विशेष सचेतनामूलक कार्यक्रम ल्याइ व्यावसायिक तालिम मार्फत जिविकोपार्जनको व्यवस्था गरिनेछ ।

**११.२.५. बालबालिका सम्वन्धी काम कारवाहीलाई नतिजामूलक बनाउने**

- बालबालिकाको क्षेत्रमा काम गर्दा ठोस कार्य विवरण तयास गरी कार्य गर्ने र प्रतिवेदन प्रणाली संस्थागत गर्ने ।
- जिम्मेवारी र कार्य सम्पादनका आधारमा कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गर्ने ।
- जनशक्तिको क्षमता विकासलाई नीति र कार्यक्रममा प्रार्थमिकता दिने ।

**उद्देश्य ९.३ संग सम्वन्धित.** बालसंरक्षणका लागि उजुरी संयन्त्रको विकास गरी सरोकारवाला निकायहरुको समन्वय र सहकार्यका संस्थागत संरचनाको सुदृढीकरण गर्ने ।

## ११.३. प्रभावकारी संस्थागत संरचना विकास गर्ने नीति

### ११.३.१. बालसंरक्षणमा सरकारी तथा गैर सरकारी संघसंस्थालाई थप जिम्मेवारी बनाउने

- बालबालिकाको निम्ति  क्रियाशील सरकारी तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैर सरकारी संघ सस्थाहरुलाई अनिवार्य रुपमा बालसंरक्षण योजना बनाई सो अनुसार  काम गर्न लगाइनेछ र सोको अनुगमन गरिनेछ ।
- बालसंरक्षणका क्षेत्रमा कार्यरत गाउँपालिका भित्र कार्यरत सरकारी निकायहरु तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी ऋबकपभत ँगलम खडा गरी थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सेवाप्रदायक, बालबालिका र जिम्मेबार निकायहरुसमेत सबैमा बालसंरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण बासिन्दालाई लक्षित गरी यस क्षेत्रमा क्रियाशिल संस्थाहरु, बालमैत्री स्थानीय शासन गाउँसमिति (ऋँीन ऋयफष्ततभभ०, गाउँपालिका स्तरीय बालसंरक्षण समिति (MCPC), बालमैत्री स्थानीय शासन वडा समिति ( **CFLG Ward Committee)**,  लगायत स्थानीय स्तरका बालसंरक्षण संयन्त्रहरुको क्षमता अभिवृद्धि गरी जवाफदेहीता विकास  गरिनेछ ।
- संस्थागत, सार्वजनिक, सामुदायिक विद्यालयहरुमा शिक्षक तथा व्यवस्थापन पक्षबाट बालबालिकालाई शारीरिक तथा मानसिक सजाय नदिइने वातावरण सृजना गर्नका लागि शिक्षा महाशाखा, विभिन्न शिक्षक संघ, संगठन, यूनियन तथा निजी विद्यालयहरुसँग प्रभावकारी समन्वय गरिनेछ ।

- घर परिवार, विद्यालय, सार्वजनिक स्थल तथा समुदायमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार अपहेलना गर्न नपाउने व्यवस्थाको सुनिश्चितका लागि बालबालिकाको संरक्षणका लागि उनीहरुको निकट सम्पर्कमा रहने घर परिवार, समुदायका सदस्य, शिक्षक, स्वास्थ्यकर्मी, सामाजिक कार्यकर्ता, प्रहरी आदिको क्षमता अभिवृद्धि गरिनेछ ।
- विभिन्न राजनैतिक दल तथा ट्रेड युनियनको समन्वयमा राजनैतिक प्रयोजनाका लागि बालबालिकालाई प्रयोग नगर्नका लागि अभिप्रेरित गरिनेछ ।
- बालसंरक्षणका क्षेत्रमा वडा स्तरीय कार्ययोजना बनाई वडा समितिमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रदायक, बालबालिका र जिम्मेवार निकायहरु समेत सबैका बालअधिकार र संरक्षणका सम्वन्धमा संवेदनशिलता र जवाफदेहिताको विकास गरिनेछ ।
- आपतकालिन अवस्था (प्रकृतिक प्रकोप तथा मानव सृजित प्रकोपलाई मध्यनजर गर्दै बालबालिकाको संरक्षणलाई पहिलो प्रथमिकतामा राखी पूर्व तयारी सहितको विपद् प्रतिकार्य योजना तयार गरी आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।
- बालसंरक्षणका सवालहरुलाई आवधिक योजनामा प्राथमिकताका साथ समावेश गरिनेछ । गाउँपालिकाको वार्षिक कायक्रम र बजेट विनियोजनमा बालसंरक्षण सम्वन्धी कार्यक्रमलाई प्रार्थमिकता दिईनेछ । बालसंरक्षणको सवाललाई प्रभावकारी रुपमा सम्वोधन गर्न न्यायिक समिति लगायत सम्वन्धित सरकारी निकायलाई स्पष्ट जिम्मेवारीको व्यवस्था गरिनेछ ।
- सबै सरोकारवालाहरुबाट बालसंरक्षण आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ ।

**११.३.२. बालबालिकाको संरक्षणका लागि साझेदारीमा संस्थागत संयन्त्र स्थापना**

- जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुर्नस्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गरिनेछ ।
- बालविवाह अन्त्यका लागी रणनीति योजना निर्माण गरी कार्यान्वयमा ल्याइनेछ ।
- बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइने छ ।
- बाबु आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बाबु आमामध्ये एक भएपनि पालन पोषण गर्न सक्षम नभएका वा परितक्त वा वेवारिसे बालबालिकाको

संरक्षणको व्यवस्था गरिनेछ ।

- संस्थागत संरक्षणको आवश्यकता भएका बालबालिकालाई समन्वय र सहकार्य मार्फत बालसंरक्षण केन्द्रमा संरक्षण गरिने छ । संभव भए सम्म कुनै पनि बालबालिकालाई परिवार र समूदायबाट अलग गरिनेछैन ।

### ११.३.३. बालसंरक्षणका लागि सहकार्य तथा साझेदारी

- बालबालिकामाथि हुने हिंसा, शोषण, दुर्व्यवहार, वेचविखन तथा ओसारपसार तथा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थालाई परिचालन गरिनेछ ।
- बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही प्रक्रियामा लैजानका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ र बालविवाह रोक्ने कार्यका लागि समुदायमा आधारित संघसंस्थाहरुलाई थप जिम्मेबारी दिइनेछ ।
- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, उनीहरुको परिवार तथा समुदायमा पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।
- लागू औषध र अन्य दुर्व्यवहारमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि नीजि क्षेत्रसंग समन्वय गरी समन्वय, उपचारात्मक मनोविमर्श तथा अन्य सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । बालबालिकालाई धुम्रपान, मद्यपान विक्री वितरणमा निरुत्साहित गरिनेछ ।
- स्थानीय तह र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु मार्फत परितक्त र वेवारिसे बालबालिकाको बाबुआमा वा परिवारको खोजी गरिनेछ । बाबुआमा वा परिवार भेटिएमा परिवारमानै राखि हेरचाह गर्ने उपाय अवलम्वन गरिनेछ ।

## १२. रणनीतिहरु :

इन्द्रसरोवर गाउँपालिकाले बालसंरक्षण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि देहायबमोजिमका रणनीतिहरु अबलम्बन गरिनेछ ।

- स्थानीय स्तरमा रहेका संस्थागत संरचनाहरु सरकारी कार्यालयहरु तथा गैर सरकारी संघ सस्था, विद्यालय, सामाजिक संघ संस्था, स्थानीय समिति आदि आचारसंहिता तथा नीति निर्माण र कार्यान्वयन ।
- इन्द्रसरोवर गाउँपालिकालाई बालमैत्री स्थानीय शासनले आत्मसात गरेको बालमैत्री गाउँपालिकाको रुपमा स्थापित गर्न बालमैत्री स्थानीय शासन राष्ट्रिय

रणनीति, २०६८ का साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म र भावना अनुसार बालमैत्री घर, टोल, बालमैत्री विद्यालय, बालमैत्री बाल सरोकारवाला निकायहरु, स्वास्थ्य संस्था, स्थानीय तह, प्रहरी, प्रशासन, संचार माध्यम, गैसस तथा विभागिय शाखाहरु, टोल तथा वडा कार्यालयहरु आदि) लाई बालमैत्री घोषणा गरी बालमैत्री गाउँपालिका घोषणा गर्ने,

- बालसंरक्षणका लागि बहस, पैरबी र वकालत एवं चेतना अभिबृद्धिमा जोड,
- वडा तथा गाउँपालिकास्तरमा गठन गर्नुपर्ने बालसरोकारवाला संरचनाको गठन तथा गठन भएका बालसरोकारवाला निकायहरु तथा संस्थाहरुको क्षमता विकास, परिचालन तथा कृयाशिलतामा जोड दिदै बालसंरक्षण प्रणालीलाई संस्थागत गर्दै जाने,
- बालबालिकासंग सम्वन्धीत सेवाको प्रभावकारीताका लागि जवाफदेहिता र पारदर्शिता,
- कार्यक्रमको प्रभावकारिता र गुणस्तरका लागि दक्ष जनशक्तिको सूची तयार गरी परिचालन,
- स्थानीय स्रोतको पहिचान तथा उच्चतम परिचालन,
- बालसंरक्षण सम्बन्धी कानूनहरुको प्रचारप्रसार र कार्यान्वयनमा जोड,
- बालसंरक्षणका लागि बालबालिकाको सशक्तिकरण र अर्थपूर्ण सहभागिता,
- अधिकार, कतर्व्य र जवाफदेहिताको प्रवर्द्धन,
- सामाजिक समावेशीकरण,
- बालअधिकारको स्थिति विश्लेषण, योजना तर्जुमा र लगानीको सुनिश्चितता,
- स्थानीय स्तरमा आचारसंहिता तथा नीति निर्माण र कार्यान्वयन,
- बालसंरक्षणका लागि बहस, पैरबी र वकालत एवं चेतना अभिबृद्धिमा जोड,
- संस्थागत विकास, क्षमता अभिवृद्धि , सामुदायिक परिचालन,
- सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन,
- बालसंरक्षण नीतिलाई बालसंरक्षणको आधारको रुपमा विकास गर्ने,

- इन्द्रसरोवर गाउँपालिकाको नेतृत्वमा प्रभावकारी अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन संयन्त्र बनाई अनुगमन, सुपरीवेक्षण र मूल्यांकन गर्ने ।

## १३. बालसंरक्षण नीति कार्यान्वयका लागि सञ्चालन गरिने मुख्य मुख्य कार्यक्रमहरुः

- गर्भमानै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने प्रचलनलाई अन्त गर्नका लागि व्यापक प्रचारात्मक अभियान सञ्चालन ।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान गरी सचेतना अभियान तथा घटना दर्ता शिविर सञ्चालन ।
- विद्युतिय सञ्चार माध्यमको फाइदा र यसले पर्ने नकारात्मक असर सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन ।
- अपाङ्गता भएका बालबालिकाको लागि विषेश शिक्षाको व्यवस्था तथा अपाङ्गतामैत्री संरचना निर्माण गर्ने ।
- निकृष्ट प्रकारको बालश्रममा रहेका बालबालिकाको उद्दार र पुनस्थापना कार्यक्रम ( अस्थायी वालगृह सञ्चालन मार्फत पारिवारिक पुर्न एकिकरण) ।
- बालविवाह रोकथाम तथा न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रमका साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा टेवामुलक आय आर्जन कार्यक्रम ।
- बैबाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बालविवाह निषेधित अभियान सञ्चालन तथा रोकथामका लागि धामी, झाक्री, पुरोहित, पण्डित, लामा, पादरी आदीलाई चेतनामुलक तालिम सञ्चालन तथा घटनाको पहिचान तथा पैरवी अभियान सञ्चालन ।
- बालविवाह सम्वन्धमा प्रचार प्रसार (रेडियो, टिभी, पत्रपत्रिका) ।
- निकृष्ट प्रकारको बालश्रममा रहेका बालबालिकाको स्थिति विवरण संकलन, अद्यावधिक तथा प्रचार/प्रसार (कानुनी प्रावधान र सजाय) ।
- किशोरी जीवनोपयोगी सीप/तालिम/आयआर्जन ।
- सडक, अपाङ्गता भएका एवं विषेश संरक्षणको आवश्यक रहेका बालबालिकाको पहिचान, उद्धार, सामाजिकिकरण तथा पुर्नस्थापनाका लागि आवाधिक तथा आवश्यकता अनुसार दिर्घकालिन गृहको स्थापना, सञ्चालन एवं पारिवारिक सहयोग कार्यक्रम ।

- हिंसा, शोषण, दुर्व्यवहार, वेचविखन न्यूनिकरणका लागि घर, परिवार विद्यालय तथा समुदायमा सचेतनामुलक अभियान सञ्चालन ।
- समुदायमा आधारित बालसंरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन ।
- शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन ।
- बालबालिकालाई लागू पदार्थ तथा कूलत बाट संरक्षण सम्बन्धि अभियान, दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुर्नस्थापना कार्यक्रम ।
- निकृष्ट प्रकारको बालश्रममा रहेका बालबालिकाको क्षमता अभिर्वद्धि/तालिम बालबालिका विरुद्धहुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा सम्वन्धी सुचना व्यास्थापन (Software, Online) ।
- घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कमगर्ने सम्वन्धमा क्षमता अभिर्वद्धि/तालिम ।
- हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन, क्षमता विकास कार्यक्रम ।
- हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्नेका लागि सचेतना कार्यक्रम- लैिंक हिंसा निगरानी समूह,सहकारी, टोल सुधार, बालक्लब, आमा समुह,जनप्रतिनिधि ।
- कुनै पनि हिंसा, वेचविखन, शोषण, दुर्व्यवहारमा परेका तथा श्रम र सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुर्नस्थापना केन्द्र सञ्चालन ।
- बालसंरक्षण सम्बन्धी समुदायमा आधारित बालसंरक्षण प्रणाली गठन, क्षमता विकास, सञ्चालन तथा व्यवस्थापना ।
- बाल बिज्याईमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुर्नस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढिकरण कार्यक्रम ।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान ।
- बाल यौन हिंसा शोषण तथा दुर्व्यवहारका साथै ऋथदभच ऋचषभ तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी ।
- अपा• बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामाग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम ।

- समुदायमा आधारित संयन्त्रहरु बालक्लब, टोल, नगर बालसंरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, नागरिक सचेतना केन्द्र, स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरु ।
- बालश्रममुक्त टोल तथा वडा घोषणा ।
- बालमैत्री वडा घोषणा गरी बालमैत्री गाउँपालिका घोषणा ।

## १४. कार्यान्वयन, अनुगमन तथा मूल्यांकन :

बालसंरक्षण नीतिलाई कार्यान्वयनका लागि गाँउपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने कार्यान्वयनको लागि गाँउपालिका स्तरमा कार्ययोजना तयार गरिनेछ । यस नीति तथा कार्ययोजनाको कार्यान्वयन, सरोकारवाला सरकारी,स्थानीयस्तरका विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसंगको समन्वय एवं अनुगमन तथा मूल्यांकनको लागि देहायअनुसारको गाँउपालिका तथा वडा स्तरमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

### **१४.१ गाँउपालिका स्तरीय कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समिति**

(क) गाँउपालिकाको उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक -सदस्य

(घ) गाउँ सभा सदस्य मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य १ जना -सदस्य

(ङ) माध्यमिक विद्यालका प्रधानध्यापकहरु मध्येबाट समितिले मनोनित गरेको व्यक्ति - सदस्य

(च) प्रहरी कार्यालयको प्रमुख -सदस्य

(छ) अध्यक्ष, गाँउपालिका स्तरीय बालसञ्जाल -सदस्य

(ज)स्थानीय स्तरमा बालसंरक्षणमा कार्यरत गैरसरकारी सघसंस्थाहरु मध्यबाट समितिले मनोनित गरेको व्यक्ति -सदस्य

(झ) गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको एक जना प्रतिनिधि-सदस्य

(ञ) न्यायिक सहजकर्ता -सदस्य

(ट) महिला बालबालिका शाखा प्रमुख - सदस्य -सचिव

### **१४.२. वडा स्तरीय कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समिति**

| | |
|---|---|
| (क) वडा अध्यक्ष | -संयोजक |
| (ख) वडा समितिले तोकेको शिक्षक प्रतिनिधी | -सदस्य |
| (ग) स्वास्थ्य स्वयंसेविका | -सदस्य |
| (घ) प्रतिनिधी वडा महिला सदस्य | -सदस्य |
| (ङ) वडा बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति प्रतिनिधि | -सदस्य |
| (च) अध्यक्ष, वडा बालक्लव | -सदस्य |
| (छ) वडा सचिव | -सदस्य सचिव |

## १५. गाउँपालिका तथा वडा स्तरको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिको काम कर्तव्य र अधिकार :

(क) यस बालसंरक्षण नीतिमा रहेका नीति तथा कार्यक्रमलाई गाउँपालिकाको वार्षिक कार्यक्रममा  प्राथमिकताकासाथ समावेश गर्न सम्बन्धित निकायमा पेश गर्ने ।

(ख) बालबालिका सम्वन्धि कार्यक्रमलाई सञ्चालन  गर्न आवश्यक  ‘‘सहजीकरण गर्ने ।

(ग) बालसंरक्षण सम्वन्धी नीति कार्यान्वयनका लागि संचालित कार्यक्रमहरुको नियमित तथा आवश्यकता अनुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

(घ) समितिको वैठक कम्तिमा २ महिनामा एक पटक वस्नेछ साथै समितिको वैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

## १६. उजुरी व्यवस्थापन समितिः

इन्द्रसरोवर गाउँपालिकामा बालसंरक्षणको सवालमा परेको उजुरी व्यवस्थापनका लागी तपसिल बमोजिमको उजुरी व्यवस्थापन समिति रहनेछ ।

### १६.१. गाउँपालिका स्तरीय उजुरी व्यवस्थापना समिति

| | |
|---|---|
| न्याय समितिको संयोजक | -संयोजक |
| सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| शिक्षा शाखा प्रमुख | -सदस्य |
| स्वास्थ्य शाखा प्रखुम | -सदस्य |

प्रहरी कार्यालयको प्रमुख -सदस्य

गाउँपालिका स्तरीय बालक्लवको अध्यक्ष -सदस्य

न्यायिक सहजकर्ता -सदस्य

महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

गाउँपालिका स्तरमा परेका उजुरीको सुन्ने अधिकारी महिला तथा बालबालिका शाखा प्रमुख तोकिएको छ । निजले उजुरीको गाम्भिर्यतालाई हेरेर आवश्यक प्रकृया अगाडि बढाउनु पर्ने छ भने गाउँपालिका स्तरीय उजुरी व्यवस्थापन समिति काम, कर्तव्य र अधिकार गाउँपालिकाको निर्णयले निर्धारण गरे बमोजिम हुनेछ ।

नोटः वडा स्तरको उजुरी सुन्ने अधिकारी वडा सचिव रहने छ वडा भित्रको बालसंरक्षणका उजुरीको आवश्यक कानुनी प्रक्रियामा सहजिरकण तथा व्यवस्थापनको जिम्मेवारी वडा स्तरीय कार्यान्वयन, अनुगमन तथा मुल्यांकन समितिको हुनेछ ।

**१६.२. विद्यालय उजुरी व्यवस्थापन समिति** : -

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

शिक्षक अभिभावक संघको अध्यक्ष -सदस्य

सम्वन्धित विद्यालयको प्रध्यानध्यापक -सदस्य

बालक्लव प्रतिनिधी -सदस्य

बालक्लव शिक्षक प्रतिनिधी (संभव भए सम्म महिला शिक्षक) -सदस्य सचिव

बालक्लव शिक्षक प्रतिनिधी (सम्भव भए सम्म महिला शिक्षक) उजुरी सुन्ने अधिकारी भई काम गर्नु पर्नेछ । निजले उजुरीको गाम्भिर्यतालाई हेरेर आवश्यक प्रकृया अगाडि बढाउनु पर्ने छ भने विद्यालय स्तरीय उजुरी व्यवस्थापना समिति काम, कर्तव्य र अधिकार गाउँपालिकाको निर्णयले निर्धारण गरे बमोजिम हुनेछ ।

## १७. नीतिको प्रचार प्रशार तथा कार्यान्वयन :

इन्द्रसरोवर गाउँपालिकाले बालसंरक्षण नीति पारित गरे पश्चात गाउँपालिकाका प्रत्येक वडाहरु, समुदाय र घरघरसम्म यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिने छ । त्यस्तै संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैससबाट सञ्चालन गरिने कार्यक्रम बीच समन्वय गरी बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिने छ । आवश्यकता अनुसार बालसंरक्षण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि

गाउँपालिकाको महिला तथा बालबालिका हेर्ने शाखा प्रमुखलाई जिम्मेवारी तोकी नीतिको कार्यान्वयनमा जोड दिइनेछ । गाउँपालिकाका प्रत्येक वडाहरुका कार्यक्रममा बालसंरक्षण सम्बन्धी गतिविधिहरु थप्न र विस्तार गर्नका लागि सहजीकरण गरिने छ ।

गाउँपालिका भित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरुबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ । सरकारी निकायहरु विषेशत जिल्ला समन्वय समिति, जिल्ला बालकल्याण समिति, जिल्ला प्रहरी कार्यालय, अन्य स्थानीय तहहरुसंगका साथै साथै उपभोक्ता समूहहरु र विकासका साझेदारहरुबीच कार्यक्रमको प्रकृति अनुसार सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन थप सहयोग लिईनेछ । आवश्यक मात्रामा बालसंरक्षणका सवालमा थप ध्यान दिनको लागि समितिहरुको गठन गरी कार्यक्रममा समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ ।

## १८. नीतिको पुनरावलोकन र सुधार :

इन्द्रसरोवर गाउँपालिकाबाट जारी गरिएको यस बालसंरक्षण नीतिलाई प्रत्येक २ वर्षमा नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा समयसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

आज्ञाले

बलराम लम्साल

प्रमुख प्रशासकीय अधिकृत

इन्द्रसरोवर गाउँपालिका मकवानपुरको
बाल संरक्षण नीति, २०७८

मुल्य रु. १०